admin.dclamjung@supremecourt.gov.np

श्री

# लमजुङ जिल्ला अदालत

## लमजुङ बेसीशहर ।

पत्र संख्याः-०७६।०७७
च.नं.-963

मिति २०७६/०५/०३

**सूचना!** **सूचना!!** **सूचना!!!**

विषयः समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको छनौट सम्वन्धी।

यस अदालतको बाल इजलासमा समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको रुपमा काम गर्न इच्छुक देहायको योग्यता पुगेका र बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बाल मनोविज्ञ वा बाल बिशेषज्ञको रुपमा सुचिकृत भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस अदालतमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

योग्यताः-

क) समाजसेवीका लागि- मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालबिकास वा बाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्वन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

ख) बाल मनोविज्ञ वा बाल बिशेषज्ञका लागि- - मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्वन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

निवेदन साथ पेश हुनु पर्ने कागजातः

१. शैक्षिक योग्यता
२. तालिम,
३. बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको रुपमा सुचिकृत भएको प्रमाणपत्र
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।

(जगत बहादुर भण्डारी)
श्रेस्तेदार (शा.अ.)